# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, फागुन १ गते २०४६ साल ( संख्या ४३

## भाग ३

### श्री ५ को सरकार

### शिक्षा तथा संस्कृति मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले प्रतिलिपि अधिकार ऐन, २०२२ को दफा २ को खण्ड (ङ) को प्रयोजनको लागि रजिष्ट्रारमा पुरातत्व विभाग, राष्ट्रिय पुस्तकालयका वरिष्ठ पुस्तकालयाध्यक्षलाई तोकेको छ ।

खण्ड २६, संख्या ४६, मिति २०३३।११।२४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले प्रतिलिपि अधिकार ऐन, २०२२ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी प्रतिलिपि अधिकारका सम्बन्धमा श्री ५ को सरकारलाई सल्लाह दिन देहायबमोजिमको समिति गठन गरेको छ ।

१. शिक्षा तथा संस्कृति मन्त्रालयका अतिरिक्त सचिव — अध्यक्ष

२. त्रिभुवन विश्वविद्यालय ललितकला संस्थानले तोकेको ललितकलासम्बन्धी विशेषज्ञ प्रतिनिधि एक — सदस्य

३. नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानको विज्ञानतर्फको विशेषज्ञ प्रतिनिधि एक — सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका साहित्य, कला र संगीतसम्बन्धी विशेषज्ञ प्रतिनिधि एक — सदस्य

५. शिक्षा तथा संस्कृति मन्त्रालय पुरातत्व विभागको प्रतिनिधि एक — सदस्य

६. कानून तथा न्याय मन्त्रालयको प्रतिनिधि एक — सदस्य

७. चलचित्र संस्थानको प्रतिनिधि एक — सदस्य

८. साझा प्रकाशनको प्रतिनिधि एक — सदस्य

९. जनक शिक्षा सामग्री केन्द्रको प्रतिनिधि एक — सदस्य

१०. श्री रत्न रेकर्डिङ संस्थानको प्रतिनिधि एक — सदस्य

११. राष्ट्रिय पुस्तकालयको वरिष्ठ पुस्तकालयाध्यक्ष — सदस्य-सचिव

आज्ञाले,
रमेशजंग थापा
श्री ५ को सरकारको का.मु.सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।